# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र ३१ गते ०९ साल

## भाग ३

### उद्योग वाणिज्य र खाद्यविभागको विज्ञप्ति

निर्देशानुसार सूचित गरिन्छ कि काठमाडौं उपत्यकाको निमित्त हाललाई भदैया धानको उसिनाहा चामल मन चालीसहज्जारे ४०,००० सम्म बन्दोबस्त गर्नु-परेको छ। तपसीलका शर्त्तमा काम गर्ने मनसुवा हुनेले तपसीलबमोजिम खुलाउनु-पर्ने कुरा स्पष्ट खुलाई लेखी सहिछाप गरी चामलको टेन्डर भन्ने प्रष्ट बाहिर खाममा जनाई डाँकद्वारा रजिष्ट्री गरी डाइरेक्टर खाद्य--परिषद् सिंहदरबारको ठेगानामा ०६ साल आश्विन ६ गते आदित्यवारसम्म दाखिल भैसक्ने गरी सिल्ड टेन्डर पठाउनुहोला र सो टेन्डर श्रीशाहीरामर्शदाताका समक्ष खोली उचित कार्रवाई भई जसको उचित किफायत र चाँडो राम्रो सजिलोसँग काम हुन सक्ने साथवर-समेतको विचार भई उसैको साथ बन्दोबस्त गर्न निकासा भएबमोजिम हुनेछ। चाहिने दरखास्तवालालाई सूचना दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तपसील

१. सो चामल माघ १५ गतेभित्रसम्ममा पटक पटक गरी चुंक्ति दाखिल गरिसक्नुपर्छ । माथि लेखिएबमोजिम चाहिनेसम्मको चामल कसकसले कतिसम्म दिनसक्ने हो?

२. सो चामल काठमाडौंमै वा सिमरा जहाँ डिलेभरी लिन सरकारले चाहन्छ, उहाँ पुऱ्याइदिनुपर्छ । बोरा सुतरी कस्ती काँटा लोड अन्लोड रेल रोप-समेतको ढुवानी भाडा इत्यादि खर्च ठेकदारले नै लगाउनुपर्छ । सोबमो-जिम गरी बुझाएका चामलको सिमरा हवाईअड्डा डेलिभरी भए फि मन के दरले र काठमाडौं सरकारी गोदाम डिलेभरी भए के दरले मोल लिने हो ?

३. सो काममा बिचमा काम बिगारी हर्जा नोक्सान हुन गएमा हर्जा नोक्सानीको र पेस्की लिनेभए पेस्कीको लागी माथवर धनजमानी के कसलाई दिने,कस्तो शर्त प्रवन्धसँग कति लिने हो?विचार गरी मुनासिवमाफिकसँग पेस्की दिइनेछ ।

४. सो चामल असल चोखा हुनुपर्छ । नमूना पहिले नै आउनुपर्छ ।

५. अमलेखगञ्जदेखि यता मोटर, लहरीबाट ढुवाउनपर्ने ठाउँलाई मुनासिव-माफिक चाहिने पेट्रोल कन्ट्रोल दरमा पाइनेछ ।

६, कबूलको चामल तोकिएका टायमसम्ममा नबुझाए हर्जा नोक्सानीसमेत बुझाउनुपर्नेछ ।

७. नोट:——

टेन्डर साथ रू १ को टिकट टाँसी पठाउनुपर्छ, नाम थर वतनसमेत नेपालीमा स्पष्ट लेखिनुपर्छ । कारवाइलाई चाहिएमा खोजी हुनासाथ तुरुन्त हाजिर हुन सक्नुपर्छ । बेरीतको र माथि लेखिएबमोजिमको नभई म्याद नाघेकोमा समेत कारवाई हुनेछैन । सो ढुवानी गर्नाको लागि चाहिने एन्. जी. वागन र रोपको निमित्त चाहिएमा सरकारबाट लेखापढी गरिदिइनेछ । ल्याउँदा ओसार्दा लाग्ने कर महसूल भाडा भरौट इत्यादि ठेकदारैबाट बेहोर्नुपर्नेछ । ठेकदारले धान चामल आफू-खुसी खरिद गर्नुपर्छ, निकासी बन्द गरी दिइनेछैन ।

सेक्रेटरी——खाद्यविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।